चैनपुर नगरपालिका

# स्थानीय राजपत्र

**खण्ड:८, सङ्ख्या:४ , मितिः २०८१ साल चैत्र १९**

## भाग-१

## चैनपुर नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय कोशी प्रदेश, सङ्खुवासभा, नेपाल

स्थानीय सरकार संचालन ऐन,२०७४ को दफा ११ को उपदफा २ (१) ले दिएको अधिकार प्रयोग गरि चैनपुर नगरपालिका नगर कार्यपालिकाले यो ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८२ सालको ऐन नं. ४ (चार)

नगरसभाबाट स्वीकृत मितिः २०८१/०३/१० गते
राजपत्रमा प्रकाशित मितिः २०८१/१२/१९ गते

## चैनपुर नगरपालिका नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन,२०८१

**प्रस्तावना**: चैनपुर नगरपालिका क्षेत्र भित्रका बस्ती, समुदाय, बजार, सार्वजनिक सम्पत्ति, संरचनाहरुको नियमन, सुरक्षा, संरक्षण एवं नगरपालिकाबाट जारी भएका नीति, निर्णयहरुको प्रभावकारी कार्यान्वयन गर्न गराउन चैनपुर नगरपालिकाले स्वीकृत गरेको दरवन्दीको अधिनमा रही नगर प्रहरीको रिक्त पदमा करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागि चैनपुर नगरसभाले चैनपुर नगरपालिकाको नगर प्रहरी संचालन तथा व्यवस्थापन सम्बन्धी ऐन, २०८१ स्वीकृत गरी लागू गरेको छ ।

### परिच्छेद'१
### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "चैनपुर नगरपालिका नगर प्रहरी (संचालन तथा व्यवस्थापन) ऐन,२०८१" रहेको छ ।

(२) यो ऐन चैनपुर नगरपालिकाको राजपत्रमा प्रकाशन भएपछि प्रारम्भ हुनेछ ।

**२. परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमाः

(१) "ऐन" भन्नाले नगर प्रही ऐन,२०८१ सम्झनु पर्नेछ ।

(२) "नगर प्रहरी" भन्नाले चैनपुर नगरपालिकाले यो ऐन बमोजिम तथा प्रचलित कानून बमोजिम नियुक्त गरेको नगर प्रहरी सम्झनु पर्दछ ।

(३) "नगरपालिका" भन्नाले चैनपुर नगरपालिका सम्झनु पर्दछ ।

(४) "कार्यालय" भन्नाले चैनपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(५) "कार्यपालिका" भन्नाले चैनपुर नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(६) "नगर प्रमुख" भन्नाले चैनपुर नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ ।

(७) "नगर उपप्रमुख" भन्नाले चैनपुर नगरपालिकाको उपप्रमुख सम्झनु पर्दछ ।

(८) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले चैनपुर नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(९) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन वा ऐन अन्तर्गत बनेको नियमावली तथा नियम,नियमावली अन्तर्गत बनेको निर्देशिका,कार्यविधि वा नगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्दछ ।

(१०) "सार्वजनिक संगठित क्षेत्र" भन्नाले नेपाल सरकारको निकाय वा नेपाल सरकारको पचास प्रतिशत भन्दा बढी स्वामित्व भएको निकाय वा राष्ट्रिय (देश भर कार्यक्षेत्र भएको),प्रदेश (प्रदेश भर कार्यक्षेत्र भएको),स्थानीय (स्थानीय तह भरी कार्यक्षेत्र भएको) स्तरको गैर सरकारी संघ,संस्था,बैंक तथा वित्तीय संस्थाहरु,पब्लिक तथा प्राईभेट कम्पनीहरु सम्झनु पर्दछ ।

(११) "सामाजिक संस्था" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका संघ,संस्था वा सरकारी कार्यालय सम्झनु पर्दछ ।

(१२) "समिति" भन्नाले चैनपुर नगरपालिकाको नगर प्रहरी छनौट समितिलाई सम्झनुपर्दछ ।

(१३) "उप समिति" भन्नाले चैनपुर नगरपालिकाको नगर प्रहरीको प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षण उप समितिलाई सम्झनुपर्दछ ।

(१४) "आर्थिक वर्ष" भन्नाले श्रावण १ गते देखि असार मसान्त सम्मको अवधि सम्झनु पर्छ ।

(१५) "कार्यालय प्रमुख" भन्नाले प्रचलित कानून बमोजिम कार्यालयको अख्तियार प्राप्त गरी कार्यालयको प्रमुख जिम्मेवारी बहन गरेको कर्मचारी सम्झनु पर्छ ।

### परिच्छेद–२
### नगर प्रहरीको काम, कर्तव्य र अधिकार

**३. नगर प्रहरीको गठनः**

(१) चैनपुर नगरपालिका अन्तर्गत एक नगर प्रहरी सेवा रहनेछ । नगर प्रहरी सेवा संचालन तोकिए बमोजिम हुनेछ ।

(२) नगरपालिकामा रहने नगर प्रहरीको पद,तह,संख्या तथा काम,कर्तव्य,अधिकार एवं उत्तरदायित्व सहितको कार्यविवरण प्रचलित कानूनको अधिनमा रही तोकिए बमोजिम हुनेछ ।

**४. नगर प्रहरी गठनको उद्देश्यः** स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ उपदफा २ (क) तथा चैनपुर नगरपालिकाको कार्य विभाजन नियमावली बमोजिमको काम,कर्तव्य र अधिकार सम्बन्धी व्यवस्थाहरुको कार्यान्वयन

गर्न तथा प्रचलित कानून एवं चैनपुर नगरपालिकाबाट प्रवाह हुने सेवालाई प्रभावकारी बनाई समुन्नत नगर बनाउनु नगर प्रहरी गठनको उद्देश्य रहेको छ ।

**५. नगर प्रहरीको काम,कर्तब्य र अधिकार** :चैनपुर नगरपालिकाको देहायका कार्यहरुमा सहयोग पुऱ्याउनु नगर प्रहरीको काम,कर्तब्य र अधिकार हुनेछ ।

(१) नगरपालिकाको नीति,कानून,मादपण्ड तथा निर्णय कार्यान्वयन गर्ने,

(२) नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(३) नगरपालिका क्षेत्रमा हुने सभा,समारोह,परम्परा,सांस्कृतिक कार्यक्रम तथा चाड पर्वको सुरक्षा ब्यवस्थापन गर्ने,

(४) नगरपालिका क्षेत्रको बजार तथा पार्किङ्ग स्थलको रेखदेख र ब्यवस्थापन गर्ने,

(५) नगरपालिका क्षेत्र भित्र सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने,

(६) नगरपालिकाको न्यायिक समितिले गरेका मिलापत्र,आदेश तथा फैसलाहरुको कार्यान्वयनमा सहयोग गर्ने,

(७) नगरपालिका क्षेत्रको सार्वजनिक ऐलानी र प्रति जग्गा,सार्वजनिक भवन,सम्पदा तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा गर्ने,

(८) नगरपालिकाबाट निर्णय भए अनुसार विपद् ब्यवस्थापन सम्बन्धी खोजी,उद्धार,राहत तथा पूनरुथापनाको कार्यहरु गर्ने,

(९) नगरपालिका क्षेत्रको अनधिकृत विज्ञापन तथा होर्डिङ्ग बोर्ड नियन्त्रण गर्ने,

(१०) छाडा चौपायाको नियन्त्रण,

(११) नगरपालिका क्षेत्रभित्र अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण गर्ने,

(१२) सार्वजनिक आवागमनमा बाधा पुर्याई राखेका निर्माण साम्री पसल व्यवसायबाट भएको अवरोध हटाउन लगाउने नमानेमा आफैं हटाई र हटाउन लाग्ने खर्च सम्बन्धित व्यक्तिबाट असूल उपर गर्न पेश गर्ने ।

(१३) सार्वजिनक जग्गा बाटो मठ मन्दिर ढल नाला चौक पोखरी मिचि कसैले घर कम्पाउण्ड टहरा वा त्यस्तै अन्य निर्माण कार्य गरेको अथवा व्यक्तिगत रुपले उपभोग गरेको छ, छैन निरीक्षण गर्ने। निर्माण गरेको देखिएमा निर्माण कार्य रोक्का गरी शाखा मार्फत निर्णय गर्ने अधिकार समक्ष पेश गर्ने र भत्काउने आदेश भएमा भत्काउने ।

(१४) नगर क्षेत्रमा अनियमित निर्माण कार्य गरेको देखिएमा नक्सापास भए नक्सापासको प्रमाण पत्र सहितको प्रतिवेदन शाखा मार्फत प्रमुख प्रशासकीय अधिकृत समक्ष पेश गर्ने । मापदण्ड विपरित निर्माण भएको देखिए भत्काउने आदेश दिएमा भत्काउने ।

(१५) स्वास्थ्यका लागि हानिकारक चिज तथा सडेगलेको खाद्य पदार्थ विक्रि वितरणमा रोक लगाउने र तोकिएको मापदण्ड विपरित सडेगलेको हानिकारक चिज वस्तु विक्रि गरेको पाईएमा पहिलो पटक भए जफत गरि गाड्न लगाउने । पटक पटक यस्तो कार्य दोहोरिएमा जरिवाना गर्न वा पसल बन्द गराउन राय पेश गर्ने ।

(१६) रोगी वा कानूनको निषेध गरेका पशुपंछी, जीवजन्तुहरु काटमार गर्न नदिने र त्यस्ता पशुपंछी जीवजन्तुका मासु विक्री वितरणमा रोक लगाउने र अटेर गरेमा जफत गरी नष्ट गर्ने साथै जरिवाना समेत गर्न राय पेश गर्ने ।

(१७) छाडा कुकुर नियन्त्रण सम्बन्धी कारबाही गर्ने तथा मरेका जीवजन्तु समयमै गाड्न लगाउने ।

(१८) खतरा उत्पन्न हुने रुख काट्न तथा जोखिमपूर्ण घर पर्खाल भए सोको लिखित प्रतिवेदन पेश गर्ने र भत्काउन आदेश भए भत्काउने ।

(१९) वडा समिति, टोल विकास संस्था तथा सामुदायिक प्रहरीसँगको सहकार्यमा सरसफाई, सुरक्षा र सामाजिक विकृती हटाउने कार्य गर्ने गराउने ।

(२०) नगर कार्यपालिका, समिति, उपसमिति तथा आयोजनाहरुबाट लागू हुने नीति, निर्णय, नियम र कानून कार्यान्वयन गर्ने ।

(२१) ईजाजत विना पेशा, व्यवसाय गरेको फेला परेमा पेशा व्यवसायको दर्ता/नविकरण गर्न लगाउने

(२२) चैनपुर नगर क्षेत्रमा भित्ते लेखन,पोल व्यानर, क्रस व्यानर र विज्ञापन नीतिले निषेध गरेको विज्ञापन प्रचार प्रसार सामाग्री तथा पोस्टर टाँस्ने कार्यमा पूर्णतया प्रतिबन्ध लगाउने अटेर गर्नेलाई जरिबाना कारबाही गर्ने ।

(२३) नगरपालिकाले सञ्चालन गर्ने वा भाग लिने सभा, सम्मेलन, तालिम, अभ्यास आदि जस्ता कार्यक्रममा नगरपालिकाको तर्फबाट तोकिए बमोजिम प्रतिनिधित्व गर्ने ।

(२४) नापतौलका सामग्रीको चेक जाँच गर्ने पसल व्यवसायमा मूल्य सूचि राख्न लगाउने तथा चेक गर्ने ।

(२५) होटल, रेष्टुरेन्ट, गेष्ट हाउस, पार्लर जस्ता गतिविधिहरुको निरीक्षण गर्ने मापदण्ड अनुरुप नचलेको पाईएमा कारवाहीको लागि पेश गर्ने ।

(२६) नगरपालिका क्षेत्रभित्र सार्वजनिक स्थलमा जादु, सर्कस जुवा लगायतका विकृतीजन्य क्रियाकलापमा रोक लगाउने ।

(२७) नगरपालिकाको निर्णय अनुसार अस्थायी प्रकृतिका बजार व्यवस्था गर्ने, त्यस्तो व्यापारीहरुको लगत राख्ने,

(२८) अरुलाई बाधा पुग्ने गरि लाउड स्पिकर रेडियो अथवा ध्वनी उत्पादन गर्ने अन्य उपकरण प्रयोग गर्न नदिने,

(२९) शहरमा ध्वनी, धुवा,प्रकाश अथवा अन्य कुनै कारणले सार्वजनिक रुपमा बाधा पुग्ने गरी उद्योग धन्दा सञ्चालनमा रोक लगाउने,

(३०) दमकल सेवालाई २४ सैं घण्टा चुस्त दुरुस्त राखी माग भएको ठाउँमा तुरुन्त उद्दार राहात कार्यमा सहयोग पुर्याउने ।

(३१) विपद्, माहामारी भएमा उद्दार तथा राहतका लागि तुरुन्त खटि जाने ।

(३२) नगरपालिका मातहतका शाखा, आयोजना, कार्यक्रम वा कुनै परियोजना अन्तर्गत तोकिए बमोजिमका कार्यहरु गर्ने गराउने ।

(३३) नगरपालिका अन्तर्गतका शाखा तथा आयोजनाबाट कार्यान्वयनका लागि प्राप्त भएका आदेश तथा निर्देशन कार्यान्वयन गरि सोको विवरण तोकिएको समय भित्र उपलब्ध गराउने ।

(३४) अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग गर्ने ।

(३५) माथि तोकिए बमोजिमका कार्यहरु समन्वय गरि जिम्मेवारी लिई जवाफदेहिता समेत बहन गर्ने ।

(३६) प्रचलित कानून बमोजिम कार्यपालिकाको निर्णय तथा कार्यालयले तोकेको अन्य कार्यहरु गर्ने ।

## परिच्छेद -३

## दरबन्दी सिर्जना, योग्यता र पदपूर्ती सम्बन्धि व्यवस्था

**६. दरबन्दी सिर्जना तथा खारेजीः**

(१) नगर प्रहरीको संख्या सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा कायम गरिनेछ यसरी कायम नभए सम्म नगर कार्यपालिकाले स्वीकृत गरेका समावेशी संख्याका आधारमा रहने नगर प्रहरीको संगठन संरचना पदसोपानमा आधारित हुनेछ ।

(२) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण नभए सम्म चैनपुर नगरपालिकामा नगर प्रहरीका देहाय बमोजिमका पदहरु हनेछन् ।

(क) नगर प्रहरी नायव निरीक्षक, सहायक स्तर पाँचौं तह (नेपाल प्रहरीको नायब निरीक्षक सरह)

(ख) नगर प्रहरी सहायक निरीक्षकः सहायक स्तर चौथो तह (नेपाल प्रहरीको सहायक निरीक्षक सरह)

(ग) नगर प्रहरी हवल्दारः सहायक स्तर तेस्रो तह (नेपाल प्रहरीको सहायक हवल्दार सरह)

(घ) नगर प्रहरी जवानः सहायक स्तर दोस्रो तह (नेपाल प्रहरीको जवान सरह)

**७. नगर प्रहरीको योग्यताः**

(१) नगर प्रहरी नायव/सहायक निरीक्षकको योग्यताः

(क) नेपाली नागरिक भएको

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको वा नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएकाको हकमा निजको साबिक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ ।

(ग) उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाली सेना, जनपद प्रहरी वा सशस्त्र प्रहरीबाट अवकाश भएको वा अन्य देशको सेना प्रहरीबाट अवकाश भएकाको हकमा उमेरको हद ४० वर्ष ननाघेको,

(घ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) सरकारी अस्पतालले दिएको निरोगिताको प्रमाणपत्र भएको,

(च) सम्बन्धित इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीबाट जारी भएको चारित्रिक प्रमाणपत्र

(छ) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) चैनपुर नगरपालिकामा कामकाज गरि राजिनामा दिएको, निवृत भएको, उपदान लिएको वा कारबाहीमा परि सेवाबाट नहटाइएको कर्मचारी हुनुपर्ने ।

(२) नगर प्रहरी जवानको योग्यताः

(क) नेपाली नागरिक भएको

(ख) मान्यता प्राप्त शैक्षिक संस्थाबाट एसइई वा सो सरह उत्तीर्ण गरेको वा नेपाली सेना, जनपद वा सशस्त्र प्रहरीको समान पदबाट सेवा निवृत भएकाको हकमा निजको साबिक शैक्षिक योग्यतालाई मान्यता दिइनेछ ।

(ग) उमेर १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको, नेपाली सेना, जनपद प्रहरी वा सशस्त्र प्रहरीबाट अवकाश भएको वा अन्य देशको सेना प्रहरीबाट अवकाश भएकाको हकमा उमेरको हद ४० वर्ष ननाघेको,

(घ) कुनै नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको,

(ङ) सरकारी अस्पतालले दिएको निरोगिताको प्रमाणपत्र भएको,

(च) सम्बन्धित इलाका प्रहरी कार्यालय वा प्रहरी चौकीबाट जारी भएको चारित्रिक प्रमाणपत्र

(छ) पुरुषको हकमा घटीमा उचाई ५ फिट २ इन्च, छाती ३१-३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाई ५ फिट, तौल ४२ के.जी. भएको, आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

(ज) चैनपुर नगरपालिकामा कामकाज गरि राजीनामा दिएको, निवृत भएको, उपदान लिएको वा कारबाहीमा परि सेवाबाट नहटाइएको कर्मचारी हुनुपर्ने ।

**८. नगर प्रहरी पदको छनौट,सिफारिस तथा नियुक्तिः**

(१) नगर प्रहरी छनौट तथा सिफारिस समितिः नगर प्रहरी विभिन्न पदहरूमा करार सेवामा छनौट गरि नगर कार्यपालिकाको कार्यालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको नगर प्रहरी छनौट तथा सिफारिस समिति रहने छ ।

| | |
|---|---|
| (क) प्रमुख,प्रशासकीय अधिकृत,चैनपुर नगरपालिका | अध्यक्ष |
| (ख) प्रमुख,इलाका प्रहरी कार्यालय,चैनपुर | सदस्य |
| (ग) शाखा प्रमुख, प्रशासन शाखा चैनपुर नगरपालिका | सदस्य सचिव |

अन्य विज्ञ सदस्य तथा कर्मचारीहरु प्रमुख प्रशासकीय अधिकृतले आवश्यकता अनुसार तोक्न सक्नेछ ।

(२) नगर प्रहरी छनौट समितिको सचिवालयको कार्य नगरपालिकाको प्रशासन शाखाले गर्ने छ ।

(३) नगर प्रहरी छनौट समितिबाट सिफारिस भएका नगर प्रहरीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले करार सम्झौता गर्नु पर्नेछ ।

**९. नगर प्रहरी छनौट तथा सिफारिस समितिको काम,कर्तब्य र अधिकारः**

(१) प्रचलित कानूनमा अन्यथा ब्यवस्था भएकोमा बाहेक नगर प्रहरी छनौट समितिको काम,कर्तब्य र अधिकार बमोजिम हुनेछ ।

(क) पदपूर्ति कार्यतालिका तयार पार्ने,

(ख) परीक्षा सञ्चालन गर्ने

(ग) पदपूर्तिका लागि सार्वजनिक रूपमा १५ दिनको म्याद राखि विज्ञापन प्रकाशन गर्ने

(घ) शारीरिक तन्दुरुस्ती परीक्षा सञ्चालन गरि लिखित परीक्षाको लागि संख्या निर्धारण गरि नतिजा प्रकाशन गर्ने

(ङ) छनौट गरि नियुक्ती गर्ने ।

**१०. पदपुर्तीको किसिम**

(१) नगर प्रहरी पदहरु मध्ये नगर प्रहरी हवल्दार बाहेक अन्य पदहरू खुला प्रतियोगिताका माध्यमद्धारा करार सेवाबाट पदपूर्ति गरिनेछ ।

(२) नगर प्रहरी हवल्दारको पदमा आन्तरिक बढुवा गरिनेछ । कार्यपालिकाको सिफारिसमा आवश्यकताका आधारमा नगरसभाले नगर प्रहरी जवान मध्येबाट नगर प्रहरी हवल्दारमा बढुवा गर्नेछ ।

(३) बढुवा गर्दा देहायका आधारमा लिइनेछ

(क) न्यूनतम ३ वर्ष सेवा अवधि भएको

(ख) असल अनुशासन र जिम्मेवारी बहन गरेको

(ग) सम्मान वा पुरस्कार प्राप्त गरेको

(घ) पदीय दायित्व निर्वाहमा अब्बल रहेको

**११. परीक्षाको पाठ्यक्रमः**

(१) प्रथम चरणको प्रारम्भिक स्वास्थ्य परीक्षणमा अयोग्य हुने अवस्था तथा स्वास्थ्य परीक्षणमा गरिने परीक्षणहरू अनुसूची-५ मा उल्लेख भए बमोजिम हुनेछ ।

(२) नगर प्रहरी नायब/सहायक निरीक्षकको लिखित परीक्षाको पाठ्यक्रम अनुसूची-६ मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) नगर प्रहरी जवानको लिखित परीक्षा नहुने तथा शारीरिक परीक्षणको विभिन्न इभेन्टसको पाठ्यक्रम नेपाल प्रहरीको सम्बद्ध पदको लागि तोकिएको पाठयक्रम र छनौट विधिलाई आधार मान्ने ।

**१२. नगर प्रहरी पदपूर्ति प्रक्रियाः** नगर प्रहरी पदपूर्तिको प्रक्रिया देहाय बमोजिम हुनेछः

(१) नगर प्रहरी नायब/सहायक निरीक्षकका उम्मेदवारले दिएको परीक्षा र अन्तरवार्तामा प्राप्त गरेको अंकको आधारमा र नगर प्रहरी जवानको लागि तोकिएको शारीरिक तन्दुरुस्ती तथा शारीरिक परीक्षणको विभिन्न इभेन्टस पश्चात् अन्तर्वार्तामा प्राप्त योग्यता क्रमको सूची तयार गरी छनौट समितिले करार सम्झौताका लागि करार सम्झौता गर्ने अधिकारी समक्ष सिफारिस पेश गर्नेछ ।

(२) जेष्ठताक्रम कायम गर्नेः नगर प्रहरीको जेष्ठता क्रम कायम गर्दा निजहरुको सिफारिस हुँदाको योग्यताक्रमको आधारमा कायम गरिनेछ ।

**१३. करार पदमा कार्यरतलाई स्थायी गर्न नसकिनेः** करार पदमा काम गरेकै आधारमा नगर प्रहरीलाई स्थायी गर्न सकिने छैन साथै कुनै पनि नगर प्रहरीले करार सेवामा काम गरेको आधारमा स्थायी हुनको लागि दावी गर्न पाउने छैन ।

## परिच्छेद-४

## छनौट सम्बन्धी व्यवस्था

**१४. छनौट सम्बन्धी व्यवस्थाः** नगर प्रहरी कर्मचारीहरू कार्यालयले करारमा राख्ने प्रयोजनको लागि सूचीकरण (short list) तथा छनौट (selection) सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(१) नगर प्रहरी कर्मचारीको कर्यविवरण बमोजिम कार्य गर्न पदपूर्तिका लागि सम्बन्धित सेवा समूहको योग्यता, पारीश्रमिक, सेवाशर्त समेत तोकी विज्ञापनको सार्वजनिक सूचना अनुसूची-१ बमोजिमको ढाँचामा कम्तीमा १५ (पन्ध्र) दिनको समय उपलब्ध गराई आवेदन आह्वानको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) आवेदन फारामको नमूना अनुसूची-२ बमोजिम हुनेछ। आवेदन दस्तुरको हकमा नगर प्रहरी नायब/सहायक निरीक्षकको रु. ७०० तथा नगर प्रहरी जवानको हकमा रु. ५०० हुनेछ ।

(३) उपदफा (२) बमोजिम पर्न आएका आवेदनहरु उपर तोकिए अनुसार शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षाका लागि परीक्षा तालिका, मिति, समय र स्थान पदपूर्ती समितिले तोके अनुसार हुनेछ।

**१५. प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षणः** प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षाका लागि चैनपुर नगर अस्पतालले तोकेको मेडिकल अधिकृतको संयोजकत्वमा इलाका प्रहरी कार्यालयले तोकेको कम्तीमा नेपाल प्रहरीका प्रहरी सहायक निरिक्षक सदस्य र संयोजकले तोकेको नगरपालिकाको प्रतिनिधि कर्मचारी सदस्य रहने गरि ३ सदस्यीय उपसमिति रहनेछ । प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षण तथा छनौट परीक्षा तोकिए अनुसार सम्पन्न गरी सोको नतीजा पदपूर्ती समितिलाई वुझाउनु पर्नेछ । अन्य व्यवस्था पदपूर्ती उप-समितिले निर्धारण गरे बमोजिम हुनेछ। उप समितिको सिफारिसका आधारमा पदपुर्ती समितिले शारिरिक

तन्दुरुस्ती परीक्षणको नतिजा प्रकाशन गर्नेछ । प्रारम्भिक स्वास्थ्य र शारीरिक तन्दुरुस्ती परीक्षणमा उत्तीर्ण भएका उम्मेदवारहरूलाई मात्र अन्य चरणका परीक्षाहरूमा सहभागी गराइनेछ ।

**१६.लिखित परीक्षा तथा अन्तर्वार्ताः**

(१) नगर प्रहरी नायब/सहायक पदहरूको लिखित परीक्षाको पूर्णाङ्क १०० र उतिर्णाङ्क ४० हुनेछ ।लिखित परीक्षाको लागि विज्ञ नगरकार्यपालिकाले तोक्ने छ, लिखित परीक्षामा उत्तीर्ण उम्मेदवारलाई मात्र अन्तर्वार्तामा समावेश गरिनेछ । अन्तर्वार्ता ३० अंकको हुनेछ ।अन्तर्वार्तामा न्यूनतम ४०% भन्दा कम र ७०% भन्दा बढी अंक प्रदान गर्दा उपयुक्त कारण खोली कैफियत लेख्नु पर्नेछ ।

(२) अन्तिम नतिजाको लागि प्राप्ताङ्क गणना गर्दा तपशिलको तालिका बमोजिम गरिनेछ ।

| न्यूनतम योग्यता ५ अङ्क | स्थानीयता १५ अङ्क | लिखित १०० अंक | अन्तर्वार्ता ३० अंक | | | जम्मा प्राप्तांक |
|---|---|---|---|---|---|---|
| प्रथम श्रेणी-५ अंक<br>द्वितीय श्रेणी-४.५ अंक<br>तृतीय श्रेणी-४ अंक | जिल्ला भित्र-१०<br>नगर भित्र-१५ | १०० अंक | विषयवस्तुको ज्ञान | प्रस्तुतिकरण | व्यक्तित्व | १५० अंक |
| | | | १५ अंक | १० अंक | ५ अंक | |

(३) नगर प्रहरी जवानका पदहरुको लिखित परीक्षा हुने छैन।निजहरुको छनौटको लागि अन्तर्वाता ३० अङ्कको हुनेछ ।अन्तर्वार्तामा न्यूनतम ४०% भन्दा कम र ७०% भन्दा बढी अंक प्रदान गर्दा उपयुक्त कारण खोली कैफियत लेख्नु पर्नेछ ।

(४) नगर प्रहरी जवानको अन्तिम नतिजाको लागि प्राप्ताङ्क गणना गर्दा तपशिलको तालिका बमोजिम गरिनेछ ।

| न्यूनतम योग्यता ५ अङ्क | स्थानीयता १५ अङ्क | अन्तर्वार्ता ३० अंक | | | जम्मा प्राप्तांक |
|---|---|---|---|---|---|
| प्रथम श्रेणी-५ अंक<br>द्वितीय श्रेणी-४.५ अंक<br>तृतीय श्रेणी-४ अंक | जिल्ला भित्र-१०<br>नगर भित्र-१५ | विषयवस्तुको ज्ञान | प्रस्तुतिकरण | व्यक्तित्व | ५० अंक |
| | | १५ अंक | १० अंक | ५ अंक | |

## परिच्छेद -५
## नतीजा प्रकाशन तथा करार सम्बन्धी व्यवस्था

**१७.नतिजा प्रकाशनः**

(१) पदपूर्ति समितिले अन्तिम नतिजा प्रकाशनको कार्य गर्नेछ । समितिले यस कार्यका लागि आवश्यकता अनुसार अन्य विशेषज्ञ वा कर्मचारीलाई आमन्त्रण एवम् परिचालन गर्न सक्नेछ ।

(२) नतीजा प्रकाशन गर्दा छनौट तथा सिफारिस समितिले पदपूर्ति गर्नु पर्ने पद संख्या १-५ जना सम्म भए थप २ जना,५-१० जना सम्म भए थप ३ जना र ११-१५ जना सम्म भए थप ४ जना योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवार समेत सिफारिस गर्नु पर्नेछ।

**१८.करार सम्झौता गर्नेः**

(१) कार्यालयले सूचीकृत गरेका सफल उम्मेदवारलाई ७ (सात) दिनको म्याद दिई करार सम्झौता गर्न सूचना दिनुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको अवधीभित्र करार सम्झौता गर्न आउने सफल उम्मेदवारलाई अनुसूची-३ बमोजिमको ढाँचामा करार गर्नुपर्नेछ ।उक्त अवधि भित्र सम्पर्क राख्न नआएमा क्रमशः वैकल्पिक उम्मेदवारलाई सूचना दिई करार गर्न सकिनेछ।

(३) उपदफा (२) बमोजिम करार गरे पश्चात अनुसूची-४ बमोजिमको नमूना बमोजिमको करार पत्र कार्यालयले दिनुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम कार्यालयले कार्यविवरण दिँदा विषयगत शाखा समेत तोकी काममा लगाउन सक्नेछ ।

(५) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यत आर्थिक वर्षको श्रावण १ (एक) देखि पौष मसान्त सम्मका लागि मात्र करार गर्नु पर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा कार्य प्रारम्भ नै नभएको अवस्थामा स्थानीय तहले कामको बोझ र अवधि हेरी करारको अवधि संशोधन गर्न सक्नेछ ।

(६) उपदफा (५) बमोजिम सेवा करारमा लिएको व्यक्तिलाई पुनः सेवा करारमा लिनु परेमा निजको कार्यको मूल्यांकनका आधारमा नगरपालिकाको निर्णयानुसार करार नवीकरण गरिनेछ।

(७) नगर प्रहरीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तीमा १ (एक) महिना अगाडि कार्यालयमा लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्यक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिइनेछैन।

## परिच्छेद-६
## शर्त, पारीश्रमिक र अवधि

**१९.शर्त, पारीश्रमिक र अवधिः**

(१) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गरिएका नगर प्रहरीको पारीश्रमिक नेपाल प्रहरीका समान तहले पाउने शुरू तहको तलब सरह वा करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ । कामको प्रकृति र सेवालाई विशेष ध्यानमा राखी जिम्मेवारीका आधारमा थप सुविधा उपलब्ध गराउन सकिनेछ ।

(२)कार्यालयले नगर प्रहरीको पारीश्रमिक भुक्तानी गर्दा नीजले महिना भरी गरेको हाजिरी प्रतिवेदन सहित सम्बन्धित शाखाको सिफारिशका आधारमा मात्र भुक्तानी गर्नु पर्नेछ।

(३)यस ऐन बमोजिम नगर प्रहरीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ती हुनाका लागि कुनै पनि दाबि गर्न पाउने छैन ।

(४)करार सम्झौता गर्दा काम शुरु गर्ने मिति र अन्त्य गर्ने मिति समेत उल्लेख गर्नुपर्नेछ । तर त्यस्तो करारको अवधि एकपटकमा ६ महिना भन्दा बढी हुनेछैन ।

## परिच्छेद - ७
## (विदा सम्बन्धी व्यवस्था)

**२०. नगर प्रहरीको विदाः**

(१) विदा अधिकार नभई सुविधिाको रुपमा प्रदान गरिनेछ । नगर प्रहरी कर्मचारीले अधिकारको रुपमा विदाको दावी गर्न पाउने छैन ।

(२) कामको अनुकुल हेरि विदा दिने अधिकारीले आफ्नो तजबीजबाट विदा दिन अथवा नदिन पनि सक्नेछ साथै आवश्यक परेमा विदामा बसेको नगर प्रहरी कर्मचारीलाई निजको स्वीकृत विदा रद्द गरी बोलाई काममा लगाउने सक्नेछ ।

(३) नगर प्रहरी कर्मचारीहरुले देहाय बमोजिमका विदा पाउनेछन् ।

(क) भैपरी/पर्व विदाः नगर प्रहरी कर्मचारीले प्रत्येक सालमा १२ दिनमा नबढाई भैपरी/पर्व विदा पाउने छ । भैपरी/ पर्व आउने विदा साधारणत एक पटकमा २ दिनमा नबढाई लिन पाइनेछ।

(ख) किरिया विदाः नगर प्रहरी कर्मचारीले आफै किरियामा वस्नु परेमा कुल धर्म अनुसार बढीमा १५ दिन किरिया विदा पाउनेछ । यस्तो बिदा महिला नगर प्रहरी कर्मचारीको पतिले किरिया वस्नुपरेमा त्यस्तो महिला कर्मचारीलाई दिईनेछ । यस्तो किरिया विदा वस्ने नगर प्रहरी कर्मचारीले पूरा तलब,भंत्ता पाउनेछ ।

(ग) प्रसूती विदाः महिला नगर प्रहरी कर्मचारी गर्भवती भएमा निजले सुत्केरीको अघिपछि गरी ९८ दिन प्रसती विदा पाउनेछ । प्रसूती विदा वस्ने महिला नगर प्रहरी कर्मचारीले पूरा तलब,भत्ता पाउनेछ ।

(४) उल्लेख भए अनुसारको विदा स्वीकृत गर्न कार्यालयले अभिलेख अद्यावधिक बनाई राख्नुपर्नेछ ।

(५) विदा दिने अधिकारीः विदा स्वीकृत गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकारीमा हुनेछ ।

(६) विदा परिणत नहुनेः यस दफा बमोजिम नगर प्रहरी कर्मचारीले जुन विदा लिई वसेको हो सोही विदा नै उपभोग गर्नुपर्नेउ । पहिले कुनै एक किसिमको विदा स्वीकृत भएकोमा त्यस्तो विदा पषछि किरिया विदा वा प्रसति विदा वाहेक अर्को किसिमको विदामा परिणत गराउन पाइने छैन ।

(७) कार्यालयमा अनुपस्थित हुने उपर कारवाहीः विदा स्वीकृत नगराई कार्यालयमा अनुपस्थित हुने नगर प्रहरी कर्मचारीलाई गयल र तलवकट्टी गरी सजाय गर्न सकिनेछ

(८) विदा लिने विधिः यस दफा वमोजिम विदा लिन चाहने नगर प्रहरी कर्मचारीले आफुलाई चाहिएको विदाको अवधि, कारण भए सो समेत खोली रीतपूर्वकको लिखित दरखास्त आफू हाजिर रहेको शाखा मार्फत विदा स्वीकृत गर्न अधिकारी समक्ष पेश गर्जु पर्नेछ विदा स्वीकृत भए - नभएको जानकारी तोकिएको अधिकारीले सम्बन्धित कर्मचारीलाई दिनुपर्नेछ ।

(९) कुनै किसिमको विदा स्वीकृत दिने अधिकारीले परिस्थितिको विचार राखि विदा दिने वा नदिने निर्णय गर्नेछ ।

(१०) विदाको अभिलेखः नगर प्रहरी प्रमुखले आफ्नो मातहतका सबै नगर प्रहरी कर्मचारीको विदाको अभिलेख किताव खडा गरी लगत राखेर मासिक रुपमा प्रशासन शाखालाई विवरण पेश गर्नेछ ।

(११) तालिम अबधिमा विदा दिने वारे यस कार्यविधीमा अन्यन्त्र जुनसुकै कुरा लेखिएको भए तापनि तालिम अवधिभर सर्वजनिक विदा र किरिया विदाबाहेक साधारणतया अरु कुनैबिदा दिइने छैन।

## परिच्छेद- ८
## विविध

**२१. नगर प्रहरी नगरपालिका प्रशासनको नियन्त्रण रहनेः** नगर प्रहरीको अनुशासन र आन्तरिक व्यवस्याको कुरामा वाहेक समस्त नगर प्रहरी प्रमुख प्रशासकीय अधिकृत बा निजले तोकेको अधिकारीको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा रहनेछन् ।

**२२. नगर प्रहरीको आचरणः**

(१) दान उपहार लिन नहुनेः आफ्नो सरकारी काममा कुनै पनि प्रकारको असर पर्न सक्ने गरी कुनै पनि नगर प्रहरी र निजको परिवारका सदस्यसमेतले नगरपालिकाको पूर्व स्वीकृत विना स्वदेशी तथा विदेशी संघ संस्था निकाय वा व्यक्ति कसैबाट कुनै प्रकारको दान, बक्सिस, पुरस्कार, कोसेली र उपहार स्वीकार गर्नु हुदैन ।

(२) चन्दा लिन नहुनेः कुनै नगर प्रहरी कर्मचारीले नगरपालिकाको पूर्व स्वीकृति विना कुनै पनि कामको निमित्त कुनै किसिमको चन्दा मागन अथवा स्वीकार गर्नु हुदैन र अरु कुनै किसिमको आर्थिक सहायता प्राप्त गर्ने काममा समेत भाग लिन हुँदैन ।

(३) सम्पत्ति खरिदको जानकारी दिनुपरनेः नगर प्रहरी कर्मचारीले आफ्नो वा आफ्नो परिवारको कुनै सदस्यको नाममा कुनै अचल सम्पत्ति खरिद गरेमा नगरपालिकाको कार्यालयलाई जानकारी गरानुपर्नेछ ।

(४) सम्पत्तिको विवरण दिनुपर्नेः नयां नियूक्ति भएका नगर प्रहरी कर्मचारीले नियुक्ति भएको मितिले तीन महिना भित्र नगरपालिकाको प्रशासन शाखामा तोकिएको ढाचामा सम्पत्तिको विवरण पेश गर्नुपर्नेछ ।

(५) प्रकाशन र प्रसारण गर्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिकाद्वारा अथवा विशेष रुपमा अख्तियार नपाई आफ्नो कर्तव्यको पालना गर्दा स्थानीय तह वा गैहसरकारी संघ संस्याबाट प्राप्त गरेको वा आफैले लेखेको अथबा संकलन गरेको कुनै कागजपत्र वा समाचार प्रत्यक्ष वा अप्रत्यक्ष रुपबाट अरु अनधिकृत नगर प्रहरी कर्मचारीलाई वा गैहसरकारी व्यक्तिलाई अथवा पत्रपत्रिकालाई जानकारी दिनु हुदैन ।

(६) रेडियो वा पत्रिकासँग सम्पर्क राख्न नहुनेः नगर प्रहरी कर्मचारीले नगरपालिकाको अनुमति प्रास नगरी कुनै पत्रपत्रिकामा आफ्तै वास्तविक अथवा काल्पनिक नामवाट अथवा वेनामी कुनै लेख प्रकाशित गर्न अथवा रेडियोदारा प्रसारण गर्नु हुदैन ।

(७) नगरपालिकाको आलोचनाः नगर प्रहरी कर्मचारीले कुनै कुराको आलोचना रार्दा नगरपालिकाको नीतिको विरुद्र असर परनें गरी अथवा नगरपालिका र नगरबासीमा खलल पुरने गरी भाषण, सम्वाद, लेख रचना गर्नु हुँदैन ।

(८) निर्वाचनमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै पनि राजनीतिक दलको लागि कुनै निर्वाचनमा भाग लिन वा कसैको निमित्त मत मागन वा अन्य क प्रकारले प्रभाव पार्न हुदैन । तर, कसैलाई मत दिएको वा दिने विचार गरेको कुरा प्रकट नगरी प्रचलित कानुन वमोजिम आफ्नो मताधिकार प्रयोग गर्न बाधा पर्ने छैन ।

(९) राजनीतिमा भाग लिन नहुनेः नगर प्रहरी कर्मचारीले कुनै राजनैतिक दल र सोसंग सम्बन्धित संस्थाको सदस्य बन्न, राजनीतिमा भाग लिन, राजनैतिक संस्थालाई सहायताको निमित्त चन्दा दिन अथबा कुनै राजनैतिक संस्था वा आन्दोलनलाईं अन्य कुनै प्रकारले आफनो प्रमाव पर्न सहयोग गर्न हुदैन ।

(१०) समय पालन र नियमितताः " नगर प्रहरी कर्मचारीले ठिक समयमा तया नियमित रुपमा आफ्नो पालोमा कार्यह्थलमा खटिई काम गर्दृपर्वछ।

(११) अनुशासन र आज्ञापालनः

(क) नगर प्रहरी कर्मचारीले आफ्लो कर्त्य ततरताको सायथ पालन गर्नुपर्दछ

(ख) नगर प्रहरी कर्मचारीले आफ्नो कार्यालयको काम सम्बन्धी कुरामा आफूभन्दा माथिका अधिकृतले दिएको आज्ञालाई तदारुकताकासाथ पालन गर्नुपर्दछ ।

(ग) नगर प्रहरी कर्मचारीले माथिल्ला अधिकारी प्रति उचित आदर देखाउनुपर्नेछ ।

(१२) बाह्य प्रभाव पर्न नहुनेः नगर प्रहरी कर्मचारीले आफ्नो नोकरी सम्वन्धी कुरामा आफूभन्दा माथिका अधिकृतमाथि कुनै अनुचित प्रभाव पार्न अयवा अनुचित प्रभाब पार्ने प्रयत्न गर्न हुदैन ।

(१३) बहुबिवाह, बालबिबाह, अनमेल बिबाह प्रतिवन्धः नगर प्रहरी कर्मचारीले प्रचलित कानुन विपरीत हुने गरी बिबाह गर्नु गराउनु हुदैन ।

**२३. नगर प्रहरीको सजाय र पुनरावलोकनः**

(१) सजायः उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछः-

(क) नसिहत दिने

(ख) तलव रोक्का गर्ने

(ग) लापरवाही गरी नगरपालिकालाई नोक्सानी भएको सम्पूर्ण रकम तलव भत्ताबाट तथा सरकारी बाँकी सरह असुल गर्ने

(घ) भविष्यमा स्थानीय तहमा अयोग्य नठहरिने गरी नोकरीबाट हटाउने

(ङ) भविष्यमा स्थानीय तहमा अयोग्य ठहरिने गरी नोकरीबाट वरखास्त गर्ने ।

(२) नसिहत दिने वा प्रतिकूल राय लेखेः नगर प्रहरी कर्मचारीले काममा साधारण लापराही गरेमा नसिहत दिन सक्नेछ । दुई पटकसम्म नसिहत दिंदा पनि निजले काममा लापरबाही गरेमा निजको चालचलन सम्बन्धी प्रतिवेदनमा प्रतिकूल राय लेखिनेछ ।

(३) नगर प्रहरी तलब वृदिबा पदोन्नति रोक्नेः नगर प्रहरी कर्मचारीको काम सन्तोषजनक नभएमा सजाय गर्ने अधिकारीले निजको बढिमा २ महिनाको तलब रोक्का गर्न सक्नेछ ।

(क) सन्तोषजनक काम नगरेमा ।

(ख) अनुशासनहीनता गरेमा ।

(ग) आचरणसम्वन्धी कार्यविधि उल्लंघन गरेमा ।

(घ) दिएको आदेश निर्देशन नमानेमा वा कार्यान्वयन नगरेमा ।

(ङ) मनासिव कारण नभई वा विदा नलिई विदा बसेकोमा वा गैरहाजिर भएमा ।

(च) लापरवाही गरेमा वा नियम आदेशको पालना नगरेमा ।

(४) नोकरीबाट हटाउने वा बर्खास्ति गर्ने: देहायका अवस्थामा सजाय गर्ने अधिकारीले कुनै नगर प्रहरी कर्मचारीलाई नोकरीबाट हटाउन वा बर्खास्त गर्न सक्नेछ ।

(क) अयोग्यताको कारणले आफ्तो पदीय जिम्मेवारी पूरा र दायित्व पूरा गर्न नसकेमा

(ख) राजनीतिमा भाग लिएमा

(ग) वरावर अनुशासनहीन काम गरेमा

(घ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी दोषि प्रमाणित भएमा ।

(ङ) डिउटीमा भएको अवस्थामा वा नरहेको अबस्थामा वर्दीको पोशाक लगाई कुनै मादक पदार्थ सेवन गरी हिडेमा वा जथाभावी गरेमा,

(च) भ्रष्टाचार गरेमा

(छ) आफ्नो पदको जिम्मेवारी अनुसार आचरण नगरेमा

(ज) आचरण सम्वन्धी नियमहरु वरावर उल्लंघन गरेमा

(झ) मनासिव कारण नभई वा विदा नलिई विदा वसेमा वा गैरहाजिर भएमा ।

(५) सजाय गर्ने अधिकार

(क) नगर प्रहरीलाई सजाय गर्ने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(ख) नगर प्रहरी कर्मचारीलाई सजायको आदेश दिनु अधि कारबाही गर्न लागिएको उल्लेख गरी, हुन सक्ने सजायसमेत खुलाई सूचना दिई निजलाई आफ्नो सफाई पेश गर्ने मौका दिनुपर्नेछ । त्यस्तो सूचना दिंदा लगाइएका आरोप

स्पष्ट रुपले किटिएको हुनुपर्नेछ।त्यस्तो नगर प्रहरी कर्मचारीले सजाय गर्ने अधिकारीलाई तोकिएको म्यादभित्र आफ्नो सफाइको र प्रस्तावित सजायको सम्बन्धमा लिखित स्ष्टीकरण पेश गर्नु पर्नेछ ।

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट अपराधी प्रमाणित भइसकेको आधारमा कुनै नगर प्रहरी कर्मचारीलाई सजाय दिनुपनं भएमा सजाय दिने अधिकारीले निजलाई गर्न लागेको सजायको बारेमा सूचनासम्म दिनुपर्नछ ।

(घ) सजाय गर्ने अधिकारीले आवश्यक ठानेमा स्वयम् वा अन्य कुनै अधिकृतद्वारा जाँचबुझ गराउन सक्नेछ । जाँचबुझ गर्ने अधिकारीले आवश्यकतानुसार सम्बन्धित नगर प्रहरी कर्मचारी सँग समेत बुझी कारण सहित आफ्नो ठहरको प्रतिवेदन तथा भएको सबुद प्रमाण दाखिला गर्नुपर्नेछ ।

(ङ) कुनै फौजदारी अभियोगमा गिरपतार भई थुनिएको नगर प्रहरी कर्मचारी थुनिएको अवधिभर स्वतः निलम्वित हुनेछ । तर निलम्वित कर्मचारी उपर लागेको अभियोग प्रमाणित नभई सफाई पाएमा निजले तलव पाएको भए सो कट्टागरी र नपाएको भए पुरै (तलव वृद्धि हुने भएमा सो समेत) पाउने छ। कसुरदार ठहरिएमा निलम्बन भएका मिति देखिको बाँकी तलव भत्ता पाउने छैन ।

(च) सजायको आदश दिने जाँचवुझको काम समाप्त भएपछि सम्वन्धित नगर प्रहरी कर्मचारीलाई निज सित स्पष्टिकरण मागिएको भए निजले तोकिएको समयभित्र स्पष्टीकरण नदिएमा वा निजले दिएको स्पटिकरण सन्तोषजनक नलागेमा सजाय गर्ने अधिकारीले सजाय दिन सक्नेछ र सजायको आदेशको एक प्रति निजलाई दिनुपर्नेछ ।

(६) नगर प्रहरीको पोशाकः नगर प्रहरीको पोशाकको रंग र किसिम र अन्य विवरण नगर कार्यपालिकाले तोके वमोजिम हुनेछ।प्रत्येक नगर प्रहरी कर्मचारीलाई नगर कार्यपालिकाको कार्यालयले तोके बमोजिमको पोशाक र सामान उपलब्ध गराईनेछ । हरेक तीन बर्षको लागि एक सेट पोशाक उपलव्ध गराईनेछ ।

## परिच्छेद-९

## अस्पताल सुरक्षाकर्मी सम्बन्धी व्यवस्था

२४. **चैनपुर नगर अस्पतालको सुरक्षाः** चैनपुर नगर अस्पतालमा चौविसै चण्टा सुरक्षा प्रबन्ध मिलाउन अस्पताल संचालन तया व्यवस्यापन समितिको निर्णय सहित माग गरेमा नगरपालिकाले आवश्यक ठानेमा अस्पताल सुरक्षाका लागि नगर प्रहरी अस्पतालमा कामकाजको लागि पठाउनेछ । अस्पतालमा खटिएका नगर प्रहरीहरुको परिचालन तथा निजहरुको कार्यविवरण अस्पतालको मेडिकल सुपरिटेन्डेन्टले उपलब्ध गराउनेछ ।

## परिच्छेद- १०

## वाधा अड्काउ फुकाउ

२५. **बाघा अड्काउ फुकाउः** यो ऐनमा उल्लिखित व्यवस्था कार्यान्वयनमा कुनै समस्या वा द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाको निर्णय बमोजिम हुने र नगर कार्यपालिकाको सो निर्णय नगर सभामा अनुमोदन गराउने गरी बाधा अड्काउ फुकाउने आदेश दिन सकनेछ।

अनुसूची -१

(दफा १४(१) सँग सम्बन्धित)

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

कोशी प्रदेश, नेपाल

करारमा सेवा लिने सम्बन्धी सूचना

सूचना प्रकाशित मितिः

नगरपालिकाको विभिन्न शाखामा रहने गरी नगर प्रहरीको रुपमा देहायको संख्या र योग्यता भएको नगर प्रहरी कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र दिनको २:०० बजेसम्म राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ । यसको फाराम, दरखास्त दस्तुर, कार्य/विवरण, पारीश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेबसाइटबाट उपलब्ध हुनेछ ।

पदः

नामः

संख्याः

शैक्षिक योग्यता र अनुभव (नमुना)

१. नेपाली नागरिक ।

२. न्यूनतम योग्यता (पद अनुसार खुलाउने ) ।

३. अनुभवको हकमा (पद अनुसार खुलाउने ।

४. उमेर पद अनुसार खुलाउने ।

५. निरोगिताको प्रमाणपत्र (मान्यता प्राप्त चिकित्सकबाट प्रमाणीत भएको।

६. अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

७. दरखास्तमा संलग्न गर्नुपर्ने उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि अनुभवको प्रमाणित प्रतिलिपि संलग्न हुनुपर्नेछ।पेश गरिने सबै प्रतिलिपिको पछाड़ी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्नु पर्नेछ।

अनुसूची-२

(दफा १४(२) सँग सम्बन्धित)

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

कोशी प्रदेश, नेपाल

करारको लागि दरखास्त फाराम

(१) व्यक्तिगत विवरण

नाम थर (देवनागरीमा)..........

अंग्रेजी ठूलो अक्षरमा............

लिङ्ग..............

नागरिकता नं..............

जारीगर्ने जिल्ला...........

मितिः.......

स्थायी ठेगाना (क) जिल्ला ......................

नपा./गा.पा................... वडा नं...... टोलः...

मार्ग/ घर नं........ च)पत्राचार गर्ने

ठेगानाः..........................छ)इमेल.....................

च) फोन नं.....

बाबुको नाम, थर................................

बाजेको नाम, थर...............................

जन्म मितिः..................(वि.सं.मा)

.................(ई.सं. मा)...........माहिना............

हालको उमेरः..............वर्ष.........

(२)शैक्षिक योग्यता

तालिम ( दरखास्त फाराम भरेको पदको लागि चाहिने

आवश्यक

न्यूनतम शैक्षिक योग्यतारतालिम मात्र उल्लेख गर्ने।

आवश्यक न्यूनतम

श्रेणी/प्रतिशत

मूल विषय

शैक्षिक योग्यता

तालिम

(३) अनुभव सम्बन्धी विवरण

कार्यालय

पद

विश्व विद्यालय/ बोर्ड / तालिम दिने संस्था शैक्षिक

उपाधि / तालिम संकाय

उपसमूह

श्रेणी तह

स्थायी/अस्थायी/

करार अवधि ..............देखि..............सम्म

अनुसूची- ३

(दफा १८(२) सँग सम्बन्धित)

चैनपुर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

**चैनपुर, संखुवासभा**

कोशी प्रदेश, नेपाल

नगर प्रहरी पदको करार सम्झौताको

चैनपुर नगरपालिका नगरकार्यपालिकाको कार्यालय, (यसपछि पहिलो पक्ष भनिएको) र ... जिल्ला .......... नगरपालिका/गाउँपालिका, वडा नं.बस्ने श्री (यसपछि दोस्रोपक्ष भनिएको का बीच नगर प्रहरीको कामकाज गर्न गराउन मिति को निर्णय अनुसार देहायका कार्य र शर्तको अधीनमा रहि दोश्रो पक्षले पहिलो नगरपालिका लाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको संझौता गरी एक/एक प्रति आपसमा खुशि लियौ दियौ।

१. कामकाज सम्बन्धमाः दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकतानुसार थप काम गर्नु पर्नेछ

२. दोस्रो पक्षले काम गर्नु पर्ने स्थानः चैनपुर न.पा. क्षेत्र भित्र ।

३. करारमा काम गरे बापत पाउने पारीश्रमिकः प्रत्येक महिना व्यतित भएपछि पहिलो पक्षले दोश्रो पक्षलाई (अक्षरेपी रु. .. मासिक पारीश्रमिक उपलब्ध गराउनेछ ।

४. दोश्रो पक्षले चैनपुर नगरपालिकाको प्रचलित कानूनमा व्यवस्था

भएका आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ

५. विदाः दोस्रो पक्षले चैनपुर नगरपालिकाको नगर प्रहरी ऐन, २०८१ बमोजिमको बिदा पाउनेछ ।

६. कार्यालयको लागि आवश्यक परेको खण्डमा विदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ यसरी सार्वजनिक बिदाको दिनमा कार्यालयमा काम लगाए बापत सट्टा बिदा दिन सकिनेछ।

७. वार्षिक रुपमा करारको समाप्तिसँगै मासिक करार रकमको दामासाहिले रकम बांकी विदा वापत दोश्रो पक्षलाई दिईनेछ ।

८. दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सो को क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोस्रो पाले पहिलो पक्षलाई दिनु पर्नेछ

९. दोस्रो पक्षले कार्यालयको कागजपत्र जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानी दोस्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ ।

१०. यो करार मिति ................ देखि लागु भई मिति....सम्म कायम हुनेछ ।

११. पहिलो पक्षले दोस्रो पक्षको कार्य सम्पादन मूल्यांकन गर्ने र सो मूल्यांकन गर्दा सालबसाली निरन्तरता दिन उपयुक्त देखिएमा करार निश्चित अवधिको लागि थप हुन सक्नेछ ।

१२. दोश्रो पक्षले पहिलो पक्षलाई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा, सन्तोषजनक सेवा दिन नसकेमा अनुपस्थित रहेको अवधिको पारीश्रमिक दामासाहिले कट्टा गरिनेछ । लगातार ७ दिन भन्दा बढि सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को व्यवस्था गर्न वाधा पर्ने छैन । दोश्रो पक्षले शारिरीक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघन गरेमा दोश्रो पक्षसंगको संझौता रद्ध गर्न सकिनेछ । निजको सट्टा अर्को व्यक्ति करारमा राखि काम लगाउन बाधा पर्ने छैन ।

१३. दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दाबी गर्न पाउने छैन र गर्ने छैन

१४. यस संझौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ ।

पहिलो पक्षको तर्फबाट
हस्ताक्षर
नामः-
ठेगानाः-
पदः-
मितिः-२०८... साल

दोस्रो पक्ष (करार गर्ने व्यक्ति।
हस्ताक्षर
नामः-
ठेगनाः-
पदः-
मितिः-२०८... साल

रोहवर
१.
२.

/..................मितिः २०८... साल महिना.....गते.. रोज शुभम ..................../

अनुसूची-४

(दफा १८(३) सँग सम्बन्धित)

चैनपुर नगरपालिका

नगरकार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

कोशी प्रदेश, नेपाल

च.नं. मितिः

प.सं.

श्री..............................,

.............................. ।

विषयः करार सम्बन्धमा ।

तपाईलाई मिति ................... निर्णयानुसार सूचीकरण गरिए बमोजिम (पदको नाम वा काम) का लागि यसैसाथ संलग्न करार (सम्झौता) बमोजिम ............ मिति देखि ........... सम्म करारमा राखिएको हुँदा संलग्न कार्यशर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नुहुन जानकारी गराइन्छ। साथै आफ्नो काम कर्तव्य पालना गर्दा यस नगरपालिकाको कर्मचारीले पालना गर्नुपर्ने आचार संहिता र आचरणको समेत परीपालना गर्न हुन जानकारी गराइन्छ ।

बोधार्थः-

श्री..............(आवश्यकता अनुसार दिने)

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-५

(दफा ११(१) संग सम्बन्धित)

चैनपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

कोशी प्रदेश, नेपाल

**प्रथम चरण**

**प्रारम्भिक स्वास्थ्य परीक्षण(फिजिकल फिट्नेस)मा अयोग्य हुने अवस्थाहरु**

१. अंगभंग/कुरुप देखिने
२. हात खुट्टा बाङ्गो-टिङ्गो र औंलाहरु ठिक नभएको
३. घुँडा Knee Lock भएको अथवा Rickets भई फाटिएको (K2 र K2 भन्दा माथिको)
४. धेरै चेप्टो पैताला भएको (भालु पाईले)
५. प्रष्ट बोलि नभएको, भकभके
६. लठ्यौरो
७. ढाड कुप्रो भएको
८. शरीर पुरा झुकाउन नसक्ने
९. जिउ कोल्टे परेको(बाङ्गो शरीर भएको)
१०.दुवी भएको
११.लुरे(उचाई अनुसार अत्यधिक दुब्लो कम्तीमा ५० के.जी. पुरुष र ४२ के.जी. महिला )
१२.आँखा डेढो भएको
१३.कुनै एक आँखा चिम्लिन नसक्ने
१४.उचाई अनुसार हुनुपर्ने तौल भन्दा अत्याधिक बढी तौल भएको
१५.शरीर मोटो तर हात खुट्टा झिनो देखिने अनुहारमा अस्वभाविक दागहरु भएको
१६.दुई वटा दुई भन्दा बढी दाँत किराले खाएको वा झरेको
१७.भरिकोच वा नशा फुल्ने भएको
१८.अनुहारमा अस्वभाविक दागहरु भएको ।

स्वास्थ्य परीक्षणमा गरिने परीक्षणहरु

१. Height, Weight and Chest Measurement: (पुरुषको हकमा घटीमा उचाइ ५ फिट २ इन्च छाती ३१- ३३, तौल ५० के.जी. र महिलाको हकमा घटीमा उचाइ ५ फिट, तौल ४२ के.जी. भएको हुनुपर्नेछ ।)
२. Ear, Nose and throat Checkup:
३. Dental Check up:
४. Blood Pressure and Pulse Check up
५. Eye-test- vision power: (आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको)
६. General Personality Observation
७. HIV & AIDS

नोट: शारीरिक तन्दुरुस्ती परीक्षणमा रहने इभेन्ट्सहरु तथा तिनको मानकहरु प्रहरी सेवाको सम्बन्धित पदका लागि निर्धारण भए बमोजिम हुनेछ ।

अनुसूची-६

(दफा ११(२) संग सम्बन्धित)

चैनपुर नगरपालिका, नगरकार्यपालिकाको कार्यालय

चैनपुर, संखुवासभा

कोशी प्रदेश, नेपाल

**दोस्रो चरण**

**लिखित परीक्षा पाठ्यक्रम**

| **खण्ड** | **विषय** | **अंक भार** | **पूर्णाङ्क** | **उत्तीर्णाङ्क** | **परीक्षा प्रणाली** | **प्रश्न संख्या र अङ्क भार** |
|---|---|---|---|---|---|---|
| क. | नेपाली रचना | २० | **१००** | ४० | विषयगत र वस्तुगत बहुवैकल्पिक प्रश्न | विषयगत प्रश्न (४ प्रश्न*५ अङ्क=२०)<br>वस्तुगत प्रश्न (४० प्रश्न*२ अङ्क=८०) |
| ख. | अंग्रेजी | १५ | | | | |
| ग. | गणित | २५ | | | | |
| घ. | सामान्य ज्ञान र बौद्धिक परीक्षा (IQ) | ४० | | | | |

**लिखित परीक्षाको पाठ्यक्रम**

**पुर्णाङ्क १००**

**उत्तीर्णाङ्क ४०**

**खण्ड "क" नेपाली २० अङ्क**

**१. नेपाली लेखन**

(क) राष्ट्रिय गान

(ख) निबन्ध लेखन

(ग) चिट्ठी लेखन

(घ) निवेदन

**२. नेपाली व्याकरण**

(क) सामान्य नेपाली व्याकरण (काल, नाम, सर्वनाम) सम्बन्धी सामान्य जानकारी

(ख) शब्दार्थ (प्रचलित नेपाली शब्दको अर्थ)

(ग) वाक्यमा प्रयोग (प्रचलित शब्दको वाक्यमा प्रयोग)

(घ) विपरीतार्थक शब्द (प्रचलित शब्दको विपरीत अर्थ)

(ङ) शुद्ध लेखन (अशुद्ध गरी लेखिएको वाक्यलाई शुद्ध गरी लेख्ने)

**खण्ड "ख" अंग्रेजी १५ अंक**

१. Group 'A'

Basic skill and knowledge in English.

a. Simple sentence translation (English to Nepali and Nepali to English)
b. Fill in the blank (article, preposition, adjective, verbs, adverbs)

२.Group 'B'

Simple sentence making

a. Word Meaning
b. Matching different words according to their suitable words/groups.

**खण्ड "ग" गणित- २५ अङ्क**

१.प्रथम खण्ड

(क) जोड

(ख)घटाउ

(ग) भाग

(घ) गुणन
(ङ)अंक र अक्षरमा लेखन
२. द्वितीय खण्ड
(क) प्रतिशत
(ख) सरलीकरण
(ग) ऐकिक नियम
(घ) नाफा नोक्सान र साधारण व्याज

**खण्ड "घ" सामान्य ज्ञान तथा बौद्धिक परीक्षण ४० अंक -**

(अ) सामान्य ज्ञान
(क) नेपालको ऐतिहासिक सम्बन्धी सामान्य जानकारी
ऐतिहासिक, धार्मिक तथा पर्यटकीय दृष्टिले नेपालका महत्वपूर्ण स्थलहरु । किराँत, लिच्छवी, मल्ल र नेपालको आधुनिक इतिहास ।
(ख) नेपालको भूगोल सम्बन्धी ज्ञान
क्षेत्रफल, सिमाना, भौगोलिक र राजनैतिक विभाजन ।
नदी तथा हावापानीको आधारमा नेपाललाई विभाजन ।
नेपालका प्रमुख शिखर, नदी, ताल, कुण्ड, भन्ज्याङ्ग र झरनाहरु ।
नेपालमा पाइने बन तथा बनस्पति
संरक्षित जनावर तथा जडिबुटी ।नेपालका राष्ट्रिय निकुञ्ज तथा संरक्षित क्षेत्र ।
(ग) नेपालमा प्रचलित धर्म, भाषा, संस्कृति, जातजाती र जनसंख्या सम्बन्धी ज्ञान
(घ) नेपालको वर्तमान संविधान (जारी मिति, भाग धारा र अनुसूची संख्या)
(ङ) नगर पालिका, नगर प्रहरी सम्बन्धी सामान्य जानकारी
(ङ) नगर पालिकाको कार्यालयहरु सम्बन्धी नेपाल प्रहरी, नगर प्रहरीको दर्जा सम्बन्धी ,नगर प्रहरीको काम, कर्तव्य सम्बन्धी, नगर प्रहरीको आचरण सम्बन्धी र नगर प्रहरी जवान पदको लागि आवश्यक न्यूनतम योग्यता । हुलाकी राजमार्ग, चैनपुर नगरपालिका अन्तर्गतका सहायक मार्गहरु, फुटपाथ पसल, हाट,बजार लाग्ने स्थल, पशु बधशाला, गाडी पार्किङ्ग स्थल सम्बन्धी ।
(च) महत्वपूर्ण समसामयिक राष्ट्रिय घटनाहरु जस्तैः आर्थिक, सामाजिक, राजनैतिक, खेलकुद
(आ) बौद्धिक परीक्षण (आई. क्यू.)
शाब्दिक तथा शाब्दिक अनुक्रम, समरुपता, वर्गीकरण, कोडिङ डिकोडिङ, मिल्दो नमिल्दोछुट्टयाउने, दिशा र दुरी ज्ञान सम्बन्धी परीक्षण

**तेस्रो चरण**

**<u>अन्तर्वार्ता परीक्षा</u>**

चैनपुर नगरपालिकाको नगर प्रहरी ऐन बमोजिम हुनेछ।

आज्ञाले,
ओमकार प्रसाद न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत